# इकाईका कर्मचारीहरुबीच ज्ञान आदानप्रदान कार्यक्रम

वित्तीय जानकारी इकाईले आ.व. २०८२/८३ को प्रथम त्रयमासको ज्ञान आदानप्रदान कार्यक्रम STR/SAR Analysis, goAML System तथा operational Analysis सम्बन्धमा संवत २०८२ असोज २८ गते, मंगलबारका दिन सम्पूर्ण कर्मचारीहरुको उपस्थितिमा इकाईको सभाहलमा सम्पन्न गऱ्यो । इकाईमा विभिन्न विभाग तथा कार्यालयबाट हालसालै सरुवा भई आउनुभएका कर्मचारीहरुलाई goAML system तथा operational analysis का सम्बन्धमा जानकारी तथा ज्ञान अभिवृद्धि गर्नु उक्त कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो ।

कार्यक्रममा पहिलो प्रस्तुती इकाईका सहायक निर्देशक श्री सत्यन्द्रमणी त्रिपाठीले STR/SAR Analysis विषयमा दिनुभयो । वहाँले STR/SAR trends and typologies, Redflags, importance of AI in STR/SAR analysis आदि विषयमा व्याख्या गर्नुभयो भने अर्का सहायक निर्देशक श्री किशोर महराले goAML System तथा operational analysis सम्बन्धी विषयमा प्रस्तुती दिनुभयो जसमा goAML workflows, case analysis, merging, linking, Dissemination through automated system, Additional information file and its importance in STR/SAR analysis आदि विषय समावेश थिए ।

कार्यक्रमको अन्त्यमा इकाई प्रमुख वासुदेव भट्टराईले बर्षेनी शंकास्पद कारोबार/गतिविधिहरुको संख्या बढेको तथा लामो समयदेखि इकाईमा दरबन्दी बमोजिमको जनशक्ति उपलब्ध नभएको जस्ता कारणले शंकास्पद कारोबार/गतिविधिहरुको विश्लेषणमा चुनौती थपिएकोले आगामी दिनमा STR/SAR Analysis का नयाँ नयाँ Technique मार्फत् गुणात्मक तथा परिमाणात्मक विश्लेषण गर्नुपर्ने तर्फ जोड दिनुभयो । कार्यक्रमको सहजीकरण इकाईका उप निर्देशक विष्णु प्रसाद गुरागाँईले गर्नुभएको थियो ।

